(आ.व. २०७९/०८०) वैठक नं.

आज मिति २०७९ साल भाद्र १२ गते आइतवारका दिन हरिपुर नगर कार्यपालिकाको बारहौं नगर कार्यपालिका वैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमिन्त्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | दिवाकर भुजेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

मिती २०७९।०५।१२

**मिति २०७९/०५/१२ गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु**

प्रस्तावहरु :

१. EIA प्रतिवेदन लाई अद्यावधिक गर्ने सम्बन्धमा ।

२. WASH योजना लाई पारित गर्ने सम्बन्धमा ।

३. स्वास्थ्य तर्फको न्यानो झोला खरिद सम्बन्धमा ।

४ औषधि तथा स्टेशनरी खरिद गर्ने सम्बन्धमा ।

५. जिन्सी निरिक्षण प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।

६. योजना तथा कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।

७. आर्थिक सहायता सम्बन्धमा ।

८. स्वयम् सेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७७ दोस्रो संसोधन सम्बन्धमा ।

९. आयुर्वेद शाखा पिडारीको बार्षिक कार्यक्रम र कार्ययोजना स्वीकृत गर्ने सम्बन्धमा ।

१० हरिपुर खानेपानी तथा सरसफाई ब्यवस्थापन बोर्ड ऐन २०७९ सम्वन्धमा ।

११ खानेपानी आयोजना (वडा नं. २ र ८) को नगरपालिका, उपभोक्ता समिति र बागमती सेवा समाज बीच MOU गर्ने सम्वन्धमा ।

१२. विविध ।

निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकाबाट वि.सं. २०७२ सालमा नदीजन्य पदार्थको उत्खनन, संकलन र विक्रिको व्यवस्था मिलाउन वातावरणीय प्रभाव मूल्यांकन (EIA) गरिएकोमा विगत ५ वर्षको अवधिमा उक्त प्रतिवेदनमा उल्लेखित उत्खनन् गर्न सकिने परिमाण ३७१०१४ घन मिटर मा ७२४७ घन मिटर मात्र ठेक्का पट्टा मार्फत उत्खनन् भएको हुनाले उक्त क्षेत्रको प्राकृतिक अवस्था र खोलाको वहाव लगायतलाई मध्यनजर गर्दै ईन्जिनियर विवेक कुमार यादवको संयोजकत्वमा समिति गठन गरी स्थलगत प्राविधिक अध्ययन, नापजाँच तथा रेखाङ्कन गरी अध्ययन प्रतिवेदन पेश गर्न लगाई चालु आ.व. को हकमा ठेक्का वन्दोवस्त गर्ने प्रयोजनको लागि सोही वातावरणीय प्रभाव मूल्यांकन (EIA) प्रतिवेदनलाई अद्यावधिक गरी नदीजन्य पदार्थको उत्खनन्, संकलन र विक्रिको व्यवस्था मिलाउने निर्णय गरियो ।

२ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस हरिपुर नगरपालिकाको समन्वय तथा नेतृत्व, युनिसेफ नेपालको आर्थिक सहयोग र छायाँ नेपालको प्राविधिक सहयोगमा निर्माण भएको हरिपुर नगरपालिकाको नवौं बर्षिय "खानेपानी, सरसफाइ तथा स्वच्छता योजना"(२०७९-२०८८)को सफल कार्यान्वयनले एक घर एक धाराको व्यवस्था मार्फत नगरबासीको सुरक्षित पिउने पानीमा पहुँच बढाउने, नगरलाइ सफा, स्वच्छ र रमणिय बनाउदै वातावरण स्वच्छ राख्न सहयोग गर्ने र नगरबासीहरुलाइ स्वच्छकर आनी बानी अपनाई दिर्घ जिवन जिउने आधार खडा गर्न मद्धत गर्ने साथै नगरबासीहरुको जिविकोपार्जनमा सहजता ल्याउने भएकोले हरिपुर नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजनालाई नगरपालिकाले अपनत्व ग्रहण गर्दै आगामी नगरसभाबाट स्विकृत गर्ने गरी यसै आर्थिक वर्ष २०७९।०८० देखि उच्च प्राथमिकताका साथ कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

मिती २०७९।०५।१२

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा खर्च शिर्षक नं. २६३३३ शर्शत अनुदान चालु तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा ,गर्भवति सुरक्षा, संचार ,उत्प्रेरणा सेवा, न्यानोझोला खरिद तथा निशुल्क गर्भपतन सेवा कार्यक्रम संचालन गर्न रु ५०३५०००।०० भएकोमा देहाय अनुसार शिर्षकमा रकम बाडफाड गर्ने निर्णय गरियो ।

| सि न | विवरण | अनुमानित संख्या | दर | बिनियोजीत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | आमा सुरक्षा यातायात ) (तथा उत्प्रेरणा | ८५० | ४३०० | ३६५५००० | |
| २ | जटिल प्रसुति | ४० | ४००० | १६०००० | |
| ३ | Anti D | ४० | ५००० | २००००० | |
| ४ | सुरक्षित गर्भपतन सेवा | ९९ | ८०० | ७९२०० | |
| ५ | न्यानो झोला | १०४५ | ९०० | ९४०५०० | |
| | जम्मा | | | ५०३५००० | |

यस पालिकामा संचालित बर्थिङ्ग सेन्टरहरुमा न्यानो झोलाको अभाव भएकोले माथि उल्लेखित न्यानोझोला शिर्षकको रकमबाट कोटेशन बिधि द्धारा रु ५००००० अक्षरेपी रु पाँच लाख बराबरको न्यानो झोला खरिद गर्ने निर्णय गरियो ।

४. प्रस्ताव न .४ माथि छलफल गर्दा चालु आ.व. २०७९/०८० मा नेपाल सरकार सशर्त चालु अनुदान स्थानिय तहका सवास्थय चौकी ,प्रा.स्वा.के. र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुमा कर्मचारीहरुको तलव भत्ता महगी भत्ता,स्थानीय भत्ता ,स्थानीय भत्ता ,पोषाक लगायत प्रशासनिक खर्च समेत शिर्षकमा भएको रकम रु १०००००/०० अक्षरेपी रु एक लाख मात्र बराबरको सोझै खरिद बिधिबाट स्टेशनरी खरिद गर्ने र चालु आ.व. २०७९/०८० मा नेपाल सरकार ससर्त चालु अनुदान आधारभूत आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद शिर्षकबाट रु ५०००००/०० अक्षरेपी रु पाँच लाख बराबरको अति आवश्यकिय औषधिहरु कोटेशन बिधि द्धारा खरिद गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको २०७९।०४।१८ गतेको निर्णय अनुसार नगरपालिका तथा नगरपालिका अन्तर्गत रहेका वडा कार्यालय र विभिन्न विषयगत कार्यालयहरु समेतको जिन्सी निरिक्षण गर्न आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० को उपनियम ५० को उपनियम १ बमोजिम गठन भएको जिन्सी निरिक्षण समितिले नगरपालिका कार्यालय, वडा

मिती २०७९।०५।१२

कार्यालय र विभिन्न विषयगत कार्यालयमा गई जिन्सी निरिक्षण गर्दा प्राप्त जिन्सी सामाग्रीको विवरण सहितका जिन्सी प्रतिवेदनलाई नगरकार्यपालिकाबाट स्वीकृत गरि अगामी नगर सभाबाट अनुमोदनका लागि पेशगर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा हरिपुर नगरपालिकाको चालु आ.व. २०७९।०८० को सम्पुर्ण योजना तथा कार्यक्रमहरु कार्यान्वयनको लागिउपभोक्ता समिति गठन र बोलपत्रअव्हान समेत लगायत अन्य आवश्यक प्रक्रियाबाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिकाका देहायका ब्यक्तिहरु तथा संस्थाहरुलाई देहाय अनुसारको रकम आर्थिक सहायता दिने निर्णय गरियो ।

| क.सं. | आर्थिक सहायता लिने ब्यक्तिको नाम, थर | ठेगाना | रकम रु. | कारण | कैफियत |
|---|---|---|---|---|---|
| १ | हिरावती देवी माझी | हरिपुर ४ | १००००।०० | पाठेघर सम्वन्धी रोग | |
| २ | आशिष थारु | हरिपुर ७ | १०००० | पेटमा डल्लाको उपचार | |
| ३ | नेहा चौधरी | हरिपुर ७ | ७०००।०० | सम्मान कार्यक्रम | विद्यालयको सिफारिस सम्वन्धीत शिर्षकबाट भु. |
| ४ | लक्ष्मीनाथ युवा क्लव हरिपुर | हरिपुर ७ | १००००।०० | खेलकुद सामाग्री वितरण | सम्वन्धीत शिर्षकबाट भु. |
| ५ | मिरावती देवी चौधरी | हरिपुर ८ | १००००।०० | घरको क्षती पुर्ति | आर्थिक सहायता |

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस हरिपुर नगरपालिकाको विद्यालयहरुमा स्वयम् सेवक शिक्षक छनौट तथा व्यवस्थापनका लागि तयार भएको स्वयम् सेवक शिक्षक व्यवस्थापन कार्यविधि,२०७७ लाई थप व्यवस्थित तथा प्रभावकारी बनाउन उक्त कार्यविधिमा देहाय बमोजिमको व्यवस्था रहने गरि दोस्रो संसोधन गर्ने निर्णय पारित गरियो ।

तपसिल

## स्वयम् सेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७७ को दोस्रो संसोधनको बुँदा

- मूल कार्यविधिको बुँदा नं. ४ को अन्त्यमा देहायको खण्ड राखिएको छ :-

तर, बुँदा नं. ४ (१) को घ, ४ (२) को च र ४ (३) को च मा जुनसुकै कुरा लेखिएको भए ता पनि स्थायी अध्यापन अनुमतिपत्र भएको व्यक्तिको आवेदन नपरी विद्यालयको पठनपाठन प्रभावित हुने अवस्थामा विज्ञान, गणित, अंग्रेजी, कम्पयूटर, लेखा र अर्थशास्त्र विषयमा स्थायी अध्यापन अनुमतिपत्र नभएका व्यक्तिबाट पनि परीक्षाको लागि आवेदन लिन सक्नेछ ।

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश
२०७३

मिती २०७९।०५।१२

प्रस्ताव नं. ९ माथी छलफल गर्दा पिडारी आयुर्वेद औषधालयद्वारा आ.व. २०७९।०८० मा सशर्त शिर्षकबाट प्राप्त रकम रु. ३३,००,०००।०० र हरिपुर नगरपालिकाबाट प्राप्त रकम रु. ७,००,०००।०० लाई अगामी नगर कार्यपालिकाको वैठकबाट कार्ययोजना सहित पारित गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा हरिपुर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड ऐन २०७९ लाई अगामी नगर कार्यपालिकाको वैठकमा थप छलफल गरी पारित गर्ने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा हरिपुर नगरस्तरीय खानेपानी व्यवस्थापन बोर्ड सञ्चालन ऐन का सम्बन्धमा नगरपालिकाको संयन्त्रमा आवश्यक छलफल तथा शंशोधन गरी आगामी कार्यपालिका बैठकबाट पारित गर्ने कानुन पास गर्न केहि समय लाग्ने भएकोले समय बचत गर्न, कानुन पास भए पछि मात्र गर्नु पर्ने गतिबिधि ईन्द्रपुर (हरिपुर ८) तथा सानो जगतपुर (हरिपुर २) मा रहेको खानेपानी आयोजनाहरुको मर्मत सम्भार तथा स्तर बृद्धि गर्न हरिपुर नगरपालिका, स्थानीय उपभोक्ता समिति तथा वागमती सेवा समाज नेपाल बिच गर्न खोजिएको MOU मा हस्ताक्षर गर्ने कार्यक्रम यथासिघ्र आयोजना संचालन गर्ने निर्णय गरियो ।

१२. क) प्रस्ताव नं. १२ माथि छलफल गर्दा हरिपुर नगरपालिका अन्तर्गतका सम्पुर्ण वडाहरुमा उपभोक्ता समिति गठन गर्नका लागि रकम रु. ५,०००।०० का दरले सम्वन्धीत शिर्षकबाट वडा कार्यालयहरुलाई उपलब्ध गराउने निर्णय गरियो ।

ख) प्रस्ताव नं. १२ माथि छलफल गर्दा नगरपालिका भरिको सडक मर्मत गर्नको लागी लगत अनुमान बमोजिम सडक मर्मत सम्भार शिर्षकबाट खर्च लेख्ने गरी रु. १,५०,०००।०० बजेट विनियोजन गर्ने निर्णय गरियो ।